दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**बाढीपहिरोबाट जोगिऔं।**

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:**

-वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।

-पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालो जस्ता, भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।

-बस्ती तथा समुदायको रक्षा गरौं।

-बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

**बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ३६ | अंक २०२ | बुटवल | २०८१ साउन ०४, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday July 19, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# तिलोत्तमा भ्यू टावर : उद्घाटनको २६ महिनामा पनि चलेन

**लुम्बिनी संवाददाता**

*बुटवल*

रूपन्देहीको शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रभित्र बनेको बहुउद्देश्यीय भ्यू टावर उद्घाटन भएको २६ महिना बित्दासमेत सञ्चालनमा आउन सकेको छैन। तिलोत्तमा नगरपालिका र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रको लागत साझेदारीमा कुल ११ करोड ५४ लाख ८१ हजार रुपैयाँमा बनेको उक्त टावर २०७८ चैत १५ गते उद्घाटन भएको थियो।

निर्माणका काम बाँकी रहँदै स्थानीय चुनावको मुखमा हतारमा उद्घाटन गरिएको भन्दै त्यतिबेलै आलोचना भएको थियो। तत्कालीन नगर प्रमुख बासुदेव घिमिरेको पालामा बनेको टावर एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीबाट उद्घाटन भएको थियो।

उद्घाटनसँगै उक्त भ्यू टावर भवन बनाएका निर्माण व्यवसायी टोपबहादुर रायमाझीको कम्पनीले वार्षिक ३९ लाख ५० हजार नगरपालिकालाई बुझाउने गरी सञ्चालन गर्ने समझदारी भए पनि रायमाझीले टावर सञ्चालनमा ल्याएनन्।

भ्यू टावर परिसरमा पार्किङ क्षेत्रमा इन्टरलक टायल लगाउने, स्वीमिङ पूल, वाटर फाउन्टेन र हरियाली (ग्रिनरी) का काम पूरा नभएको कारण देखाउँदै रायमाझीले भ्यू टावर सञ्चालन नगरेका हुन्। यी कामका लागि करिब २ करोड बजेट आवश्यक छ। तर संघीय सरकारले बजेट दिने भने पनि दुई वर्षदेखि बजेट दिएको छैन। तिलोत्तमा नगरपालिकाले नयाँ बजेटमा ८० लाख रुपैयाँ छुट्टाएको छ। बजेट दिन नसकेपछि तीन पटक म्याद थप भएको नगरपालिकाका योजना प्रमुख इञ्जिनियर प्रदीप वनले बताए। 'संघीय सरकारको पर्यटन मन्त्रालयसँगको लागत साझेदारीको योजना भएकाले नगरपालिकाले आफ्नो हिस्साभन्दा धेरै खर्च गर्न मिल्दैन, गरेमा शोध भर्ना हुँदैन, त्यसैले काम पूरा हुन नसकेको हो, यसैलाई बहाना बनाएर ठेकेदारले सञ्चालन गरेनन्।'-प्रदीपले भने।

यद्यपि रायमाझीले एक वर्षको भाडा वापतको धरौटी जम्मा र एक वर्षको बैंक ग्यारेन्टी गरेका छन्। तर सम्झौतापत्रमा हस्ताक्षर नगरी सञ्चालन पनि नगरेपछि नगरपालिकाले अब रायमाझीलाई यथाशीघ्र सञ्चालन गर्न आग्रह गर्ने र नमानेमा नयाँ ठेक्का प्रकृयामा जाने तयारी गरेको छ।

सो टावर निर्माणमा तिलोत्तमा नगरपालिकाले ७० प्रतिशत र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले ३० प्रतिशत लागत साझेदारी गर्ने र आम्दानीको ६० प्रतिशत नगरपालिका तथा ४० प्रतिशत हिस्सा शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले लिने समझदारी भएको थियो।

तर कोरोना महामारीका कारण आम्दानी नभएपछि केन्द्रले एक करोड ५ लाख मात्र लगानी गरेको केन्द्रका उपाध्यक्ष खिमलाल पाण्डेले बताए।




'भ्यू टावर सञ्चालनमा आउँदा पर्यटकको संख्या बढ्थ्यो, तर लामो समय बन्द अवस्थामा रहँदा एकातिर नकारात्मक सन्देश गएको छ भने अर्कोतिर नगरपालिकालाई हुने आम्दानी पनि गुम्ने अवस्था छ,'-पाण्डे भन्छन् -'अहिलेका ठेकेदारले चलाउन नसक्ने हो भने वनबाटिकाले चलाउन तयार छ, छिटो निर्णय हुनुपर्‍यो।'

१ सय ३४ फिट उचाइ रहेको भ्यू टावर १० तलाको छ। कुल २५ हजार १ सय २२ वर्ग फिटमा निर्मित सो भ्यू टावरमा सुविधायुक्त रेष्टुराँ र पर्यटक विश्राम स्थल, रिसर्च रूम, डिपार्टमेन्ट स्टोर, कार्यालय कक्ष, शौचालयसहित लाइब्रेरीलगायत संरचनाहरू बनाइएको नगरपालिकाका योजना प्रमुख इञ्जिनियर प्रदीप वनले बताए।

तिलोत्तमासहित देशभर १७ अर्ब लागतका भ्यू टावर बनेका छन्। तर भ्यू टावरबाट लगानीको तुलनामा प्रतिफल नगण्य भएको छ।

निर्माण व्यवसायी रायमाझीसँग यसबारे बुझ्न पटक-पटक सम्पर्क गर्दा समेत उनी सम्पर्कमा आउन चाहेनन्।



## अब ठेक्का तोड्छौं : खाँण

**'उद्घाटन भएको दुई वर्षभन्दा धेरै समय बितिसक्दा पनि भ्यू टावर सञ्चालनमा आउन नसक्दा धेरैतिरबाट आलोचना खेप्नुपरेको छ। ठेकेदारलाई पटक-पटक सम्पर्क गरेर सञ्चालन गर्न आग्रह गर्दा पनि बेवास्ता गरेको पाइयो। तर अब हामी कडाइ गर्छौं, चलाउने भए चलाउनुस् नभए छाड्नुस् भनेर एकपटक अन्तिम कुरा गरेर नयाँ ठेक्का गर्छौं, साउनभित्र पुरानै ठेकेदारले चलाउने कि नयाँले चलाउने भन्ने टुंगाएरै छाड्छौं।'**

# नीतिगत भ्रष्टाचार देशको प्रमुख चुनौती : प्रदेश प्रमुख शेरचन



**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेश प्रमुख अमिक शेरचनले देशको प्रमुख चुनौती भनेको नीतिगत भ्रष्टाचारको अन्त्य गर्नु रहेको बताएका छन्।

रूपन्देहीको तिलोत्तमा नगरपालिकामा रहेको लुम्बिनी इन्टिग्रेटेड एकेडेमीमा अध्ययनरत कानुनका विद्यार्थीहरूसँग अनुभव र अनुभूति साटासाट कार्यक्रममा उनले यस्तो बताए।

प्रदेश प्रमुख शेरचनले राम्रो कामको समर्थन र नराम्रो कामको विरोध गर्ने परिपाटीको विकास गर्न युवाहरूलाई आग्रह गरे।

कानुनका विद्यार्थी भविष्यका सफल राजनीतिज्ञ बन्न सक्ने भन्दै उनले विद्यार्थीहरूले सदैव आलोचनात्मक चेतको विकास गर्नुपर्नेमा जोड दिए।

कानुनका विद्यार्थीले देशको लागि असल कानुन बनाउन सक्ने उल्लेख गर्दै प्रमुख शेरचनले योग्य र क्षमतावान व्यक्ति संसदमा पुग्न र पुर्‍याउनका लागि सबैको भूमिका आवश्यक रहने बताए।

विगतमा संविधानको अक्षरसः पालना नहुँदा कानूनी शासनको उल्लंघन भएको स्मरण गर्दै प्रदेश प्रमुख शेरचनले मुलुकमा कानुन र संविधानको राम्रो अध्ययन गर्न सक्ने जनशक्ति आवश्यक रहेको उल्लेख गरे।

सो अवसरमा लुम्बिनी इन्टिग्रेटेड एकेडेमीमा अध्ययनरत विद्यार्थीहरूले प्रदेश प्रमुख समक्ष विभिन्न जिज्ञासा राखेका थिए। कार्यक्रममा उक्त एकेडेमीका प्राध्यापकहरूको समेत सहभागिता रहेको थियो।

# सुविधासम्पन्न स्नानगृह सञ्चालन



**लुम्बिनी संवाददाता**

*बुटवल*

बुटवलको नयाँ बसपार्कमा सुविधासम्पन्न स्नानगृह सञ्चालनमा आएको छ। नयाँ बसपार्कलाई सुविधासम्पन्न बनाउने बुटवल उप-महानगरपालिकाको योजनाअनुसार पहिलो चरणमा सुविधासम्पन्न बालमैत्री र अपांगमैत्री स्नानगृह सञ्चालनमा आएको हो। स्नानगृहको बिहीबार बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले उद्घाटन गरे। उनले नयाँ बसपार्कलाई व्यवस्थित र सुविधासम्पन्न बनाउने उदेश्यका साथ सुविधासम्पन्न स्नानगृह सञ्चालनमा ल्याएको बताए। उनले बसपार्कमा हाइमास्ट लाइट, क्यान्टिन, चार्जिङ स्टेशन, कोसेली घर र बहुतले पार्किङ भवन निर्माण हुने जनाए।

'हाइमास्ट लाइट जडान भइसकेर परीक्षणको क्रममा रहेको छ, विद्युतीय गाडीहरूको चार्जिङ स्टेशन सञ्चालनमा आएका छन्,' उनले भने-'क्यान्टिन अब छिट्टै सञ्चालन हुनेछ भने कोसेली भवन र पार्किङ भवन निर्माणका लागि प्रक्रिया अघि बढिसकेको छ।'

उनले बसपार्क सुरक्षित र सुविधासम्पन्न हुनुपर्ने भन्दै त्यसअनुसारका सुविधाहरू थप गर्दै लगेको बताए। 'बसपार्कको सरसफाइ गर्ने र खाल्डाखुल्डी पुर्ने कामलाई हामीले छिटै नै अगाडि बढाउँछौं,' उनले भने-'बसपार्कलाई सफा राख्ने र सुरक्षित राख्ने काममा यहाँका समितिहरू पनि उत्तिकै सक्रिय हुन जरूरी छ।' उनले सरसफाइमा नियमित रूपले खटिन व्यवसायीहरूलाई आग्रह गरे।

कार्यक्रममा पश्चिम नेपाल बस व्यवसायी प्रालिका प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले बसपार्क सुधार गर्ने बुटवल उप-महानगरपालिकाको अभियान राम्रो भएको बताए। उनले बसपार्कलाई व्यवस्थित बनाउनका लागि आफूहरूको साथ रहने जनाए। बसपार्कमा निर्माण भएको स्नानघरमा ११ वटा शौचालय, १७ वटा युरिनल, ४ वटा बाथरूम तथा २ वटा बालमैत्री, २ वटा अपांगमैत्री शौचालय रहेका छन्।

स्नानगृहमा मौसमअनुसार चिसोतातोपानीका लागि सोलार प्यानल जडान गरिएको र शौचालयको फोहोरबाट बायोग्यास उत्पादन गरी स्नानगृहको उपयोगमा ल्याउने गरी व्यवस्था मिलाइएको बुटवल उप-महानगरपालिकाका इञ्जिनियर रूक्मागत बस्यालले जानकारी दिए।



दैनिक लुम्बिनी

# सम्पादकीय

## गैरजिम्मेवार क्रियाकलाप

उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले बुधबार सुरक्षा निकायका प्रमुखहरूसँग सुरक्षा अवस्थाबारे जानकारी लिएर गैरजिम्मेवार क्रियाकलाप देखाएका छन् । सुरक्षा निकायका प्रमुखसँग जानकारी लिने काम गृहमन्त्रीको हो, गृहमन्त्री रमेश लेखकले लिनुपर्ने ब्रिफिङ शहरी विकास मन्त्रीले लिएर पदीय मर्यादा र सीमा नाघेका छन् ।

सिंह पटक–पटक मन्त्री भइसकेका जिम्मेवार नेता हुन् । सबै दृष्टिले परिपक्क उनले किन अपरिपक्क काम गरे ? अहिले यो प्रश्न उठ्नु स्वाभाविक छ । जिम्मेवारी लिएका व्यक्तिले गैरजिम्मेवार क्रियाकलाप गर्दा प्रश्न उठनु अन्यथा होइन् । सुरक्षा प्रमुखसँग ब्रिफिङ लिएकोबारे उनले सामाजिक सञ्जालमा सार्वजनिक गरेका छन् । जानकारीअनुसार, उप-प्रधानमन्त्रीले बोलाएर ब्रिफिङ लिएको नभइ बधाई दिन पुगेका तीनवटै सुरक्षा निकायका प्रमुखसँग छलफल र कुराकानी गरेका थिए । उप-प्रधानमन्त्रीले ब्रिफिङ लिएको भन्दै सामाजिक सञ्जालमा सार्वजनिक गरेर जति गैरजिम्मेवारी देखाए, बधाई दिन जाने सुरक्षा प्रमुखहरु उत्तिकै दोषी छन् । विभागीय मन्त्रीलाई बधाई दिन जानु स्वभाविकै भए पनि अरु मन्त्रीलाई खोज्दै बुकी बोकेर बधाई दिनु असम्बन्धित क्रियाकलाप हो । सिंह सत्ता साझेदार दल कांग्रेसबाट नेतृत्व गर्दै सरकारमा सामेल छन् । उनलाई खोज्दै बधाई दिन पुगेका सुरक्षा प्रमुखले राजनैतिक सन्देश दिन खोजेका छन् । सुरक्षा प्रमुखले राजनैतिक सन्देश दिने होइन । शान्ति सुरक्षाको कामलाई चुस्त बनाउने हो । व्यवस्था र प्रणालीप्रति विश्वास जगाउने वातावरण बनाउने हो । बढ्दो अराजकता सामना गर्ने रणनीति बनाउने हो । अराजक समाजलाई सही बाटोमा ल्याउनका लागि सरकारलाई रणनीति र कार्ययोजना बनाएर दिने हो । तर सुरक्षा प्रमुख असम्बन्धित मन्त्रीलाई बुकी बोकेर हिंड्नुले सुरक्षा प्रमुख अराजक भएका छन् भन्ने सन्देश प्रवाह भएको छ ।

मन्त्रीहरुलाई पालैपालो बुकी बोकेर हिंड्ने अवस्था अशोभनीय, असान्दर्भिक र गैरव्यवसायिक क्रियाकलाप हो । मन्त्रीले पनि असम्बन्धित क्षेत्रबाट ब्रिफिङ लिने होइन । अब मन्त्री र सुरक्षा प्रमुखहरुले कमजोरी स्वीकार गरी आगामी दिनमा यस्तो कमजोरी नहुने विश्वास दिलाउनुपर्छ ।

# कम्युनिष्ट लडाएर कम्युनिष्ट मास्ने षड्यन्त्र



विन बहादुर कुँवर

यो रमिता र गाइजात्रा नेपाली जनताले अझ कति हेर्नुपर्ने हो ? धिक्कार छ । यो वर्तमान सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताका लागि हुने यो लुछाचुंडी र द्वन्द्वले यिनीहरुलाई बुझ्न र जान्नका लागि ठूलो सहयोग मिलेको छ । चाहे नेपाली जनता अहिले जो पक्षधर भए पनि र यी सबैको मूल चाहना र उद्देश्य देश र जनताको प्रगति र उन्नतिकै हो ।

कहिले कांग्रेसलाई भने कहिले एमालेलाई उपयोग गरी प्रधानमन्त्री बन्दै आएका पुष्पकमल दाहाल 'प्रचण्ड' यसपालि भने अचम्म र आश्चर्यका साथ कांग्रेस-एमालेहरुबाट नै पदबाट अपदस्त भएका छन् । कांग्रेस-एमाले बीचको सत्ता एकीकरणपछि पटकपटक उनीहरुले प्रचण्डलाई पदबाट राजीनामा दिई आफ्नो सत्ता समीकरणलाई सहजीकरण गरिरिदन आग्रह गरिरहे । तर प्रचण्डले यसको बेवास्ता गर्दै सदनबाट विश्वासको मत लिने अडानमा देखिए । तर उनले सदनबाट विश्वासको मत लिन सकेनन् । आफूले पाएको बहुमत गुमेपछि पदबाट राजीनामा दिइ बाहिरिनु एउटा राजनीतिक मूल्य मान्यता र नैतिकताको प्रश्न हो भने बहुमत गुम्ने देख्दादेख्दै पनि जबरजस्त सदनबाट विश्वासकै मतका लागि अडिक भइरहनु अनैतिक सत्ता लिप्साको पराकाष्ट हो । यद्यपि संवैधानिक रुपमा त्यस्तो व्यवस्था गरिए पनि पहिलो प्रश्न त राजनीतिक नैतिकताको नै हो । यसरी राजनीतिक नैतिकता गुमाएर जबर्जस्त सदनबाट बर्खास्तीमा पर्नु यो एक प्रकारकै अपदस्त पारिनु नै हो । यो अनैतिकता र सत्ता लिप्साको चरम पराकाष्ट हो ।

यो कुनै संयोग वा परिवेश अचम्म त यसपालि के भयो भने आजभन्दा तीन वर्ष पहिले असार २८ गते कै दिन यसैगरी तत्कालीन प्रधानमन्त्री केपी ओली सरकारबाट अपदस्त पारिएका थिए । यसमा फरक के छ भने प्रचण्ड यो सदनको अत्यधिक दुई तिहाई बहुमतभन्दा बढी संसदीय सदनका सभासदहरुको मत भने ओली सर्वोच्च अदालतको परमादेशबाट फ्याकिएका थिए । सारमा यी दुवैको राजनीतिक प्रवृत्ति र नैकिता एउटै छ-अराजनीतिक र सत्ता लिप्साको चरम पराकाष्ट । सदनका सभासदहरुको बहुमत गुमेको देख्दा देख्दै पनि ओलीले सदन नै भंग गर्नु र प्रचण्डले यसपालि जबर्जस्त विश्वासको मत लिनु समय र परिस्थिति फरक जस्तो देखिए पनि खास प्रवृत्ति एउटै निरंकुश र व्यक्तिवादी नै हो ।

आज यसले प्रम ओली र उनका पार्टीका नेता कार्यकर्ता प्रफुल्ल र खुसी अनि दंगदास भएका छन् भने अपदस्त पूर्व प्रम प्रचण्ड र उनका नेता र कार्यकर्ताहरु निरासा, नुन खाएको कुखुरा जस्तै निन्याउरा भएका छन् । प्रम ओलीको खुसियाली यस अर्थ छ कि जस्तालाई तस्तै हिजो प्रचण्डले दिएको धोका आज ओलीले यसको बदला लिएका छन्, त्यो पनि तीन वर्षपछि एउटै दिन अर्थात् २८ असारमा नै । त्यतिबेला ओलीले आफ्नै घरको वराण्डाबाट भनेका थिए अहिले निराश हुनु पर्ने छैन, म दुई तिहाइ बहुमतसहितको प्रधानमन्त्री भइ फेरी बालुवाटार भित्रिने छु । नभन्दै अहिले त्यही भएको छ । कस्तो दुरदर्शिता र आँकलन क. ओलीको ? भन्दै उनी र उनका नेता, कार्यकर्ताहरुको खुट्टा थातथलो मै छैनन् ।

यता माओवादी पार्टीमा भने यसको उल्टो चारैतिर निरासा छाएको छ । असार २८ को सदनमा प्रचण्डको भाषण अनि उनको हाउभाउले त झन् पार्टीका नेता कार्यकर्ताहरुलाई दिक्दारीमा पारेको छ । सदा सिंह झैं गर्जदै हिंड्ने प्रचण्ड त्यो दिन किन त्यसरी स्याल बनेका हुन् ? सबै अचम्ममा परेका छन् । अगाडि मुसार्ने तर पछिबाट मुक्का हान्ने ओली प्रवृत्तिको हाउभाउ देखाउँदै धोका खाएको प्रचण्डको त्यो गुनासोको रोदन बडो हेर्ने लायकको थियो । उनी भन्नेलाई भन्दा हामी सुन्नेलाई लाज र विरक्त पार्ने खालको थियो । सम्भवतः अहिलेसम्म कहिले पनि यस प्रकारको निरासा र हतोसाही आक्रोशपूर्ण अभिव्यक्ति प्रचण्डबाट भएकै थिएन । सदा राजनीति एउटा कला पनि हो र यसमा अनेक प्रकारका चालबाजी गर्नुपर्ने हुन्छ भन्दै दुनियाँलाई पाठ सिकाउँदै आएका प्रचण्ड अहिले मात्र त्यो बुझी अनाडी भएको भने जस्तै गरी ओलीको सत्तोसराप गरेको सुन्नुपर्दा उनप्रति दया लाग्यो पनि । तर के गर्ने आफ्नो राजनीति विचार र सिद्धान्त अनि आफ्नो राजनीतिक जग र आधार नबुझी अर्कैको लहैलहैमा लठ्ठिदै उनीहरुकै बुई चढी कहिले यता कहिले उता पिंध नभएको लोटा जस्तै खाली पद, प्रतिष्ठा र कुर्सीकै लागि मरिहत्ते गरी बहकिदै हिड्दा यस्तै खाले धोका हुन्छ नै । अन्ततः 'किन रुन्छस् मंगले आफ्नै ढंगले ।'

अनेक खाले यस्ता धोका, चालबाजी, षड्यन्त्र, बेइमानी मुखले राम राम बगलीमा छुरा आदि यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता र व्यवस्थाको मूल विशेषता र चरित्र नै हो । यहाँ यस्तो गर्नु र गराइनुलाई स्वाभाविक नै मानिन्छ । यसको राजनीतिक सफलता र असफलता नापिने मूल कसी पनि यही हो । कसैको जित र हार पनि यसैमा भर परेको हुन्छ । हो आज क. प्रचण्डलाई धोका भयो । सत्ताबाट गलतिनु पर्‍यो । ठोसमा भन्दा ओलीले प्रचण्डलाई धोका दिई आफू सत्तासिन बने । के भयो त ? पालापालको खान्की । हिजो प्रचण्ड-माधवले ओलीलाई भने अहिले ओलीले प्रचण्डलाई । हिजो प्रचण्डले ओलीलाई एक पटक होइन दुई-दुई पटक धोका दिएकै हुन् । अहिले त ओलीले प्रचण्डलाई धोका यो एक पटक मात्रै हो । धोका खाएको वास्तविक पीडा कस्तो हुँदोरहेछ ? बल्ल अहिले पहिलो पटक बुझे प्रचण्डले । नत्र भने प्रचण्डबाट कसले पाएनन् धोका, गनि साध्य छैन ।

२०३८ सालदेखि प्रचण्डको राजनीति थालनी पछि प्रचण्डबाट धोका पाउनेहरुमा मोहन विक्रम, निर्मल लामा, रुपलाल पछि बाबुराम अनि मोहन वैद्य, विप्लव, रामबहादुर थापा आदि आफ्नै पार्टीभित्रकै अनेकौं नेताहरु छन् । पार्टी बाहिरका मध्ये पहिलो धोका गिरिजाप्रसाद कोइरालाले प्रचण्डबाट राष्ट्रपति बनाउने नाममा पाए भने अहिले पछि सरकार बनाउने र ढाल्ने नाममा ओली-देउवा र माधवहरुले प्रचण्डबाट पटक-पटक धोका पाए । बाबुराम र उपेन्द्रको त पार्टी नै विभाजन गराउने काम गरे । अनेक थरिका बाहना गरेर मिले जस्तो गर्ने, तर भित्रभित्र अनेक खाले षड्यन्त्र गरेर सकेसम्म आफ्नो नै बनाइ छाड्ने, त्यो नभए फुटाइ छिन्नभिन्न पार्ने अर्थात् सिओ भइ पस्ने फाली भइ निक्लने, मुखले रामराम बगलीमा छुरा यस्तो षड्यन्त्रकारी तत्वहरुको मूल राजनीतिक चरित्र हो ।

भनिन्छ-'सिधासाधा लडे एक भल्याङ् भने बाठो लडे सय भल्याङ् ।' ठीक आज प्रचण्डलाई यस्तै भएको छ । हुन त अहिले प्रचण्ड पल्टिएको एक भल्याङ् मात्रै हो, तर अति बाठो र चतुर भएको मानिएकाले अहिले उनीलाई लागिरहेको छ सय भल्याङ् पल्टियो । अब उठ्नै गाह्रो छ । छटपटाहट छ, निराश र आक्रोश छ । बदलाको भावना छ । के गर्ने के नगर्ने अन्योलता छ । यसरी एकाएक सत्ताच्यूत हुन परेकोमा विलौना छ । अब फेरि पुनः यसरी सत्तासीन भइने हो कि होइन छटपटाहट छ । हिजो राज्यको शेर भएको मान्छे आज कस्तो भइयो र अब भविष्यमा कस्तो र कहाँ पुगिने हो ? अत्तोपत्तो नै छैन । ओरालो लागेको मृगलाई बाछाले पनि खेच्छ भने जस्तै अब हिजो प्रचण्डको नेतृत्वमा दबाइएका, मारिएका र लुटिएका सबै एक भई प्रचण्डमाथि खनिने र ओइरिने डर छ । त्यस्तो बेलामा साथ दिने कोही पनि हुने छैन । भिरबाट लड्ने गाईलाई सहानुभूतिका लागि रामराम भन्ने धेरै हुन्छन्, तर काँध थाप्ने चाहिँ कोही हुँदैनन् । प्रचण्डकै हिजो जनयुद्धका सहयोगी मोहन वैद्य, बाबुराम र विप्लवहरु उनीबाट धेरै टाढिएका छन् । १० वर्षे गद्धार र धोकेवाज भनी निन्दा र घृणा गरिरहेका छन् । अब अहिलेसम्म साथ दिइ बसेका कृष्णबहादुर महरा, जनार्दन शर्मा, वर्षमान पुन आदिहरुले पनि प्रचण्डलाई काँधमा थापी हिंड्ने स्थिति देखिंदैन । स्वयं आफ्नो माओवादी पार्टी र यसका नेताहरुप्रति प्रचण्डको त्यति भरोसा र विश्वास पनि छैन । बरु उनको ध्यान अहिले कथित समाजवादी मोर्चा निर्माणतिर छ । माधव नेपाल जस्ता पूर्व एमाले नेताहरुको बुइ चढेर बाँचिने र पार लागिन्छ कि भन्नेमा उनी पुगिसकेका छन् ।

वर्तमान यो सत्ता गठबन्धनको परिवर्तन देश र जनताको हितमा भन्दा पनि व्यक्तित्वको टकराव खासगरी ओली-प्रचण्डबीचको द्वन्द्व र टकरावमा केन्द्रित हुँदैछ । असार २८ गते प्रचण्डले ओलीविरुद्ध फायर खोलिसकेका छन् । अब यसको प्रतिकारमा प्रम ओलीले पनि यही साउन ६ गते प्रचण्डका विरुद्ध अर्को फायर खोल्दै छन् । कथित कम्युनिष्ट भनौदालाई यसरी भिडाएर दुनियाँलाई यो रमिता देखाउँदै यहाँबाट कम्युनिष्ट प्रभावलाई सदाका लागि विस्थापित गराउने चाल देशी तथा विदेशी प्रतिक्रियावादीहरुको छ ।

यो रमिता र गाईजात्रा नेपाली जनताले अझ कति हेर्नुपर्ने हो ? धिक्कार छ । यो वर्तमान सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताका लागि हुने यो लुछाचुंडी र द्वन्द्वले यिनीहरुलाई बुझ्न र जान्नका लागि ठूलो सहयोग मिलेको छ । चाहे नेपाली जनता अहिले जो पक्षधर भए पनि र यी सबैको मूल चाहना र उद्देश्य देश र जनताको प्रगति र उन्नतिकै हो । यसका लागि जन राज्य सत्ताअन्तर्गतको जनगणतन्त्र, जनसंविधान र जन सरकारकै आवश्यकता छ ।

# सेयर बजार ५९.६८ अंकले बढ्यो



काठमाडौँ । साताको कारोबारको अन्तिम दिन बिहीबार पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ५९.६८ अंकले बढेको छ । यससँगै २७ महिनापछि बिहीबार नेप्से २ हजार ४२४. ३२ को बिन्दुमा पुगेर बन्द भएको हो । यसअघि २०७८ सालको चैत महिनामा नेप्से परिसूचक २४ सयको बिन्दुमा थियो । यस दिन १५ अर्ब ५४ करोड रुपैयाँभन्दा बढीको ३ करोड ९९ लाख कित्ता सेयर किनबेच भएको छ ।

यसअघि बुधबार ५४.०४ अंकले वृद्धि भएको थियो भने मंगलबार ७०.१८ अंकले बढेको थियो । अर्थमन्त्री विष्णु पौडेल सोमबार अर्थमन्त्रीमा नियुक्त भएको दिन नेप्से घटे पनि त्यसपछिको तीन दिन भने लगातार वृद्धि भएको हो ।

यसक्रममा ५ वटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । यसैगरी नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, नेपाल फाइनान्स, आँखु खोला जलविद्युत् कम्पनी, उपकार लघुवित्त वित्तीय संस्था, थ्री स्टार हाइड्रोपावर, प्रभु बैंक, कुमारी बैंक र रिभर फल्स पावरको सेयर मूल्य उच्च अंकले बढेको नेप्सेले जनाएको छ ।

यसैगरी कारोबार भएका १३ वटामध्ये २ वटा समूहको सूचक भने घटेका छन् । वित्त र हाइड्रोपावर समूहको सूचक घटेका हुन् । यसबाहेक सबै समूहको सूचक बढेका छन् । सबैभन्दा धेरै जीवन बिमा कम्पनी समूहको र निर्जीवन बिमा कम्पनी समूहको सूचक बढेका छन् ।

# आलु प्रवर्द्धन कार्यक्रमले दुई हजार सात सय क्षेत्र विस्तार

गलकोट (बागलुङ) । आर्थिक वर्ष २०८०/८१ मा कृषि ज्ञान केन्द्रले 'खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम'अन्तर्गत दुई हजार सात सय ६३ रोपनी जग्गामा आलुखेती विस्तार गरेको छ ।

केन्द्रले ६७ वटा कृषि समूह तथा सहकारीमार्फत् धेरै किसान लाभान्वित हुनेगरी आलुखेती विस्तार तथा प्रवर्द्धन गरेको छ । ज्ञान केन्द्रको सबैभन्दा ठूलो कार्यक्रमअन्तर्गत रु तीन करोड ६० लाख बजेटबाट आलुखेती विस्तार थालेको थियो । आलुको उत्पादनदेखि बजारीकरणसम्मका लागि अनुदान दिइएको केन्द्रले जनाएको छ ।

आलुको उत्पादन बढाउन यान्त्रिकीकरण, बीउ, मलदेखि उत्पादनका आधारमा अनुदान दिनेगरी यस वर्ष केन्द्रको बजेट आलु प्रवर्द्धन कार्यक्रममा केन्द्रित गरेर दुई हजार सात सय ६३ रोपनीमा आलु उत्पादन गरी बजारीकरण गरिएको कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत कुमार पुनले जानकारी दिए ।

कृषकलाई उन्नत जातको आलुको बीउ र खेती गर्ने प्रविधि हस्तान्तरण सिकाइएको छ । सहकारीमार्फत् कृषि उपजको उत्पादन गर्दै आएकामा आलु प्रवर्द्धन कार्यक्रमले सहकारीलाई राहत मिलेको जैमिनी नगरपालिका-४ सर्कुवास्थित साना किसान कृषि सहकारीका अध्यक्ष प्रभाकर पौडेलले बताए ।



अदुवा र बेसारखेतीलाई प्रोत्साहन गर्दै आएको सहकारीले चालु आवमा खायन आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत ३५ रोपनी जग्गामा आलुखेती गरेको जनाए । उनले चार मेट्रिक टन आलु उत्पादन गरेर सहकारीमार्फत बेचिएको जानकारी दिए ।

बागलुङ आलु उत्पादनका लागि उर्वर जिल्ला मानिन्छ । विशेषगरी ढोरपाटन, तमानखोला गाउँपालिका, गलकोट नगरपालिका निसीखोला गाउँपालिका र ताराखोला गाउँपालिकामा अधिक आलु उत्पादन हुने गरेको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ । रासस

दैनिक लुम्बिनी
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ साउन ०४,गते शुक्रबार
Friday July 19, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


# सार्वजनिक जग्गामा वृक्षरोपण

**गोविन्द घर्ती**

*देवदह ।*

रुपन्देहीको देवदह नगरपालिका-११, भुतहवाको सार्वजनिक जग्गामा वृक्षरोपण गरिएको छ। भुतहवा सार्वजनिक वन विकास समूहको आयोजना र देवदह नगरपालिकाको सहयोगमा करिव ८ विगाहा सार्वजनिक जग्गामा वृक्षरोपण गरिएको हो । वृक्षरोपणको एक कार्यक्रमका बीच लुम्बिनी प्रदेशसभा सदस्य निर्मलादेवी चौधरी, नगरप्रमुख ध्रुवप्रसाद खरेल, उप-प्रमुख विद्यालक्ष्मी गुरुङले संयुक्त रुपमा उद्घाटन गरेका हुन् । सार्वजनिक जग्गामा सफेद, बाँस, इपिलिपि, कपुरलगायतका करिव ३ सय विरुवा रोपिएको छ।

सो अवसरमा बोल्दै प्रदेशसभा सदस्य चौधरीले वातावरण संरक्षणको लागि वृक्षारोपण गर्न आवश्यक रहेको औँल्याए। उनले वृक्षरोपण गरेर मात्र नभइ त्यसको संरक्षणमा सबै लाग्नु पर्नेमा जोड दिए । उनले वृक्षरोपणले दैविप्रकोप समेत न्यूनीकरण गर्ने हुँदा खाली रहेको जग्गामा वृक्षरोपण गरी हरियाली बनाउनु पर्नेमा जोड दिए। उनले देवदहको भुतहवा क्षेत्र विकासको हिसाबले पछाडि परेको बताउँदै यस क्षेत्रको विकासको लागि प्रदेश सरकारमा आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । प्रदेशसभा सदस्य चौधरीले समाज रुपान्तरणको लागि जनप्रतिनिधिले मात्र काम गर्न नसक्ने बताउँदै त्यसको लागि सबैले साथ र सहयोग गर्न आवश्यक रहेकोमा जोड दिएका थिए।

सोही अवसरमा बोल्दै नगरप्रमुख खरेलले वृक्षरोपण गरिएको जग्गा संरक्षणको लागि नगरपालिका तयार रहेको बताए। उनले नगरपालिकासँग सीमिति श्रोत साधनका कारण



नागरिकको चाहनाअनुसार विकास निर्माणको काम गर्न नसकेको जनाए । भुतहवा सार्वजनिक वन विकास समूहका अध्यक्ष महेन्द्रप्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख विद्यालक्ष्मी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, देवदह-११, का वडाध्यक्ष दुधनाथ यादवलगायतले आ-आफ्ना भनाइ राखेका थिए।

भुतहवा सार्वजनिक वन विकास समूहका उपाध्यक्ष सावित्री चौधरीको स्वागत र अशोक चौधरीको सञ्चालनमा भएको वृक्षरोपण कार्यक्रममा स्थानीयवासीहरुको सहभागिता रहेको थियो।

# पूर्व सभापति सम्झदै स्याङ्जा कांग्रेस

वालिङ। नेपाली कांग्रेस स्याङ्जाले पुर्व सभापतिहरुको सम्झनामा विविध कार्यक्रम गर्ने भएको छ । कांग्रेसका संस्थापक नेता विश्वश्वर कोइराला, स्याङ्जाका पुर्व सभापति खगेन्द्रराज रेग्मी र पूर्व सभापति कमलप्रसाद पंगेनीको सम्झनामा विविध कार्यक्रम गर्ने भएको हो । नेपाली कांग्रेस स्याङ्जाको बिहीबार बसेको बैठकले पूर्व सभापतिहरुको सम्झनामा रचनात्मक कार्यक्रम गर्ने निर्णय गरिएको कार्यबहाक सभापति केदार काफ्लेले जानकारी दिए।

साउन ६ गते कांग्रेसका संस्थापक नेता बीपी कोइरालाको स्मृति दिवसमा जिल्लाका ११ ओटै पालिकामा वृक्षरोपण र विचार गोष्ठी आयोजना गरिने कार्यबहाक सभापति काफ्लेले बताए। बीपीको सम्झनामा जिल्लाभर कार्यकर्तालाई आ–आफ्ना पालिकामा हुने वृक्षरोपरण, विचार गोष्ठी र रचनात्मक कार्यक्रममा सहभागी हुन आव्हान गरिएको सभापति काफ्लेले जनाए। कार्यबहाक सभापति काफ्लेका अनुसार पूर्व पार्टी सभापति खगेन्द्रराज रेग्मीको नाममा स्याङ्जा पार्टी कार्यालयमा पुस्तकालय स्थापना गरिने निर्णय भएको जानकारी दिए।

पूर्व पार्टी सभापति तथा पूर्व सांसद कमलप्रसाद पंगेनीको छैठौं वार्षिक स्मृतिमा पार्टी कार्यालयमा रक्तदान कार्यक्रम गर्ने तयारी गरिएको छ । पूर्व सभापति पंगेनीको २०७५ साउन २० गते निधन भएको थियो । जिल्ला कांग्रेसको संगठकका रुपमा पहिचान बनाएका पंगेनीको स्मृतिमा रक्तदान कार्यक्रमसहित धार्मिक स्थल रामनदीधाममा लाखबत्ती बाल्ने र धार्मिक कार्यक्रम गरिने सभापति काफ्लेले बताए । पूर्व सभापति पंगेनीको शालिक राख्ने कार्यलाई नेपाली कांग्रेस जिल्ला कार्यसमिति र कमल पंगेनी प्रतिष्ठानले संयुक्तरुपमा अगाडि बढाउने निर्णय गरिएको नेपाली कांग्रेसले जनाएको छ।

हालसालै नवगठित सरकारमा सहभागी भएका कांग्रेसका मन्त्रीहरुलाई बधाई समेत दिएको छ । नेपाली जनताको आशा र भरोसा अनुसार नै कांग्रेस–एमाले सहितका दलहरु मिलेर बनेको सरकारले नेपाल र नेपाली जनताको भावना अनुरुप काम गर्न सुझाव दिँदै स्याङ्जा कांग्रेसले शुभकामना व्यक्त गरेको छ। यसैगरी असार २१ र २२ गते अविरल वर्षाका कारण आएको बाढी पहिरोले पुराएको जनधनको क्षतीप्रति गहिरो दुःख व्यक्त गरेको छ। ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना समेत बैठकले गरेको कार्यबहाक सभापति काफ्लेले बताए। यो दुःखद घडीमा विपद्मा परेका पीडितलाई तत्काल राहत र क्षतीपूर्तिको व्यवस्था गर्न र फेरि बाढी पहिरोको जोखिम जिल्लावासीले व्यहोर्न नपर्नेगरी उच्च सुरक्षाको व्यवस्था गर्न समेत बैठकले सरकारसँग माग गरेको छ। यस्तो विपद्मा कांग्रेसका कार्यकर्ताहरुलाई खटेर पीडितहरुलाई सहयोग गर्न स्याङ्जा कांग्रेसले आग्रह गरेको छ।

बाढी पहिरोको जोखिममा परेका नागरिकहरुको उद्धार कार्यमा खटिने जिल्ला सुरक्षा समिति स्याङ्जा, विपद व्यवस्थापन समिति स्याङ्जा, स्थानीय जनप्रतिनिधि, संघ र प्रदेशका सांसद, विभिन्न राजनीतिकदलका प्रतिनिधि, जिल्ला रेडक्रससहित विभिन्न संघसंस्थाहरु, सञ्चारकर्मीलगायत सबैलाई स्याङ्जा कांग्रेसले धन्यवादसहित आभार व्यक्त गरेको छ । यस्ताखाले प्राकृतिक विपद्मा सबैले सधैँ सहयोग गर्न आग्रह गर्दै नेपाली कांग्रेस स्याङ्जा साथमा रहने बैठकले निर्णय गरेको छ।

# लक्ष्यभन्दा ३९ प्रतिशत बढी राजस्व सङ्कलन




घोराही (दाङ) । दाङको एक मात्र भन्सार कोइलाबास भन्सार कार्यालयले गत आर्थिक वर्षमा लक्ष्यभन्दा ३९ प्रतिशत बढी राजस्व सङ्कलन गरेको छ।

कोइलाबास भन्सार कार्यालयले गत आर्थिक वर्षमा रु एक करोड ४० लाख ७६ हजार ९० राजस्व सङ्कलन गरेको प्रमुख दीपक शर्माले जानकारी दिए । भन्सार कार्यालयले गत आर्थिक वर्षका लागि रु एक करोड एक लाख ३८ हजार राजस्व सङ्कलनको लक्ष्य पाएको थियो । भारतबाट प्यूठानको स्वर्गद्वारी, दाङको चौघेरा, रिहारलगायत धार्मिक क्षेत्रको भ्रमणका लागि आउने तीर्थयात्रीका सवारी साधनबाट बढी राजस्व सङ्कलन हुने गरेको भन्सार कार्यालयले जनाएको छ।

पछिल्लो समय दाङ आसपासका क्षेत्रमा भारतीय पर्यटकहरुको बाक्लो उपस्थिति हुने गरेको छ। यसरी आउने भारतीय पर्यटकहरुबाट भन्सार कार्यालयले दुईपाङ्ग्रे सवारी साधनको एक दिनको रु दुई सय र चारपाङ्ग्रे सवारी साधनबाट एक दिनको रु छ सय राजस्व लिने गरेको छ । भन्सार कार्यालयले चालु आर्थिक वर्षका लागि रु एक करोड ६३ लाख छ हजार राजस्व सङ्कलनको लक्ष्य पाएको छ।

# दुई नयाँ मध्यम प्रसारण लाइन जडान



नेपालगञ्ज । बाँकेको नेपालगञ्ज आसपास क्षेत्रका लागि ३३ केभी प्रसारण लाइनमार्फत दुई नयाँ मध्यम प्रशारण लाइन जडान गरिएको छ।

कोहलपुर राष्ट्रिय प्रसारण लाइन (ग्रिड) बाट थप १० मेगावाट विद्युत् लाइन जडान भएको नेपाल विद्युत् प्राधिकरण नेपालगञ्ज वितरण केन्द्रका प्रमुख इञ्जिनियर जगन्नाथ लामिछानेले जानकारी दिए। उनले कोहलपुर-नेपालगञ्ज र धामपुर नयाँ सर्किट जडान भएको उल्लेख गर्दै विद्युत्को मागअनुसार आपूर्ति गरिएको बताए। यसअघि ३० मेगावाट क्षमता मात्रै रहेकामा अब यसको क्षमता ४० मेगावाट पुगेको छ।

"घरायसी प्रयोजनका लागि नै जोडेको हो र यसले नेपालगञ्जमा गर्मीबाट धेरै राहत मिलेको छ।"- इञ्जिनियर लामिछानेले भने। थप भएको प्रसारण लाइनबाट नेपालगञ्ज उपमहानगरपालिकासहित डुडुवा गाउँपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका र केही राप्तीसोनारी गाउँपालिकाका क्षेत्र समेत यसबाट लााभावन्वित हुनेछन्।

बाँकेमा केही महिनाअघि आएको हावाहुरीले विद्युत् आपूर्तिमा ठूलो क्षति पुर्‍याएकाले केही ट्रान्सफर्मर नयाँ र केही पुरानाको क्षमता वृद्धि गरिएको छ। नेपालगञ्ज वितरण केन्द्रका प्रमुख इञ्जिनियर लामिछानेले ३० थान दुई सय केभीका नयाँ ट्रान्सफर्मर र एक सय केभीका ८० ट्रान्सफर्मरको क्षमता वृद्धि गरिएको जानकारी दिए।

हावाहुरीका कारण यसबाहेक ७० किलोमिटरका लागि विद्युत् तार तान्न, विद्युत्को लोड व्यवस्थापनका लागि अन्य मर्मतसम्भारसहितका काममा रु एक करोड ८४ लाख खर्च भएको वितरण केन्द्रले जनाएको छ। "आवश्यकताअनुसार जहाँ लोड बढी हुन्छ त्यहाँ नयाँ ट्रान्सफर्मर जडान गरेका छौँ, जहाँ कम लोड छ त्यहाँ क्षमता वृद्धि गरेर पनि ट्रान्सफर्मर लगाएका छौँ।"- लामिछानेले भने। विद्युत् लाइनका लागि हावाहुरीले क्षति पुर्‍याएकामा नयाँ खम्बासमेत गाडिएको छ। रासस

# उच्च अदालत तुलसीपुरमा मुद्दा फछ्र्यौट वृद्धि

दाङ । उच्च अदालत तुलसीपुरले गत आर्थिक वर्ष २०८०/८१ मा अदालतमा परेका मुद्दामध्ये एक हजार ८५ थान मुद्दा फछ्र्यौट गरेको छ।

उच्च अदालत तुलसीपुरका रजिष्ट्रार खड्कराज अधिकारीका अनुसार गत आर्थिक वर्ष अदालतमा दर्ता भएका नौ सय ८० थान र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका पाँच सय १९ गरी जम्मा एक हजार चार सय ९९ थान मुद्दामध्ये एक हजार ८५ थान मुद्दा फछ्र्यौट भइ अब चार सय १४ थान मात्र मुद्दा विचाराधीन रहेका छन्। अदालतले गत आर्थिक वर्ष ७२ दशमलव ३८ प्रतिशत मुद्दा फछ्र्यौट गरी पाँच वर्ष अवधिमा सबैभन्दा बढी कार्यसम्पादन गरेको जनाएको छ यसैगरी, आव २०७९/८० मा उच्च अदालत तुलसीपुरमा जिम्मेवारी सरी आएका तीन सय ८९ र नयाँ दर्ता भएका ६ सय ६३ गरी कूल एक हजार ५२ थान मुद्दामध्ये पाँच सय ३३ थान अर्थात् ५० दशमलव ६७ प्रतिशत मुद्दा फछ्र्यौट भएको बताइएको छ। त्यस्तै, आव २०७८/७९ मा ६ सय चार, २०७६/७७ मा चार सय आठ र आव २०७७/७८ मा पाँच सय २० थान मुद्दा फछ्र्यौट गरेको अदालतले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ।

उच्च अदालत तुलसीपुरका मुख्य न्यायाधीश नित्यानन्द पाण्डेले यसरी सम्बद्ध सबै पक्षको सहयोगमा गत पाँच वर्षयताकै सबैभन्दा बढी मुद्दा फछ्र्यौट गर्न अदालत सफल भएको जानकारी दिए । मुख्यन्यायाधीश पाण्डेले न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाअनुसार मुद्दा व्यवस्थापन पद्धतिअनुसार मुद्दालाई सरल, सामान्य र विशेष मार्गगरी तीन प्रकारले विभाजन गरी सरल मार्गका ६ महिना, सामान्यका एक वर्ष र विशेष मार्गका मुद्दा १८ महिनाभित्र फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था भएअनुसार कार्यसम्पादन गरेको जानकारी दिए । अदालतमा दुई वर्ष नाघेका मुद्दाको संख्या शून्यमा झरेको बताउँदै उनले हाल विचाराधीन अवस्थामा रहेका दुई वर्षसम्मको मुद्दा एउटामात्र रहेको जानकारी दिए। त्यस्तै, एक वर्षदेखि १८ महिनाभित्रका मुद्दाको संख्या आठ थान, ६ महिनादेखि एक वर्षसम्मको मुद्दाको संख्या ५१ र ६ महिनाभित्रका मुद्दाको संख्या तीन सय ५४ थान रहेका छन्। नागरिकलाई छिटोछरितो र सहज ढङ्गले न्याय सम्पादन गर्न सकियोस् भनी अदालतले नागरिक सहायता कक्षको व्यवस्था गरी निःशुल्क रुपमा निवेदन लेखिदिने र अदालतको कामकाजलाई प्रविधिमैत्री बनाइ प्रभावकारी सेवा दिने काम भइरहेको मुख्य न्यायाधीश पाण्डेले बताए।

उनले असहाय, आर्थिक रुपमा विपन्न बालबालिका, महिला, वृद्धवृद्धालगायत मुद्दामा वैतनिक कानुन व्यवसायी, अनलाइन तारिख, निःशुल्क कानूनी सहायता, अनलाइनबाट कारागारका कैदीहरुलाई सुनुवाइको सुविधा व्यवस्था गरिएको जानकारी दिए । त्यस्तै, न्यायमा बाह्य पहुँच अभिवृद्धिका लागि न्यायाधीशसँग भेटघाट कार्यक्रमअन्तर्गत स्थानीय जिल्लाका विभिन्न क्याम्पसमा विद्यार्थीहरुसँग न्यायिक संवाद कार्यक्रम समेत सञ्चालन गरेको मुख्य न्यायाधीश पाण्डेले जानकारी दिए।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०४/०३ को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,५०,०००
तेजावी सुन प्रति तोला : १,४९,३००
चांदी प्रति तोला :१,८९०

**मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र**
खलंगा प्यूठान

**फर्म तथा आपुर्तिकर्ता सुचिकृत हुने सम्बन्धि सुचना।**

पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/०४/०४

यस संस्थाको आन्तरिक स्रोत तथा संस्थाको साझेदारीमा सञ्चालित विभिन्न परियोजनाहरु तर्फ आ.व २०८१/०८२ का लागि आवश्यक देहाय बमोजिमका सामग्रि र सेवा आपुर्ति गर्न ईच्छुक फर्म तथा आपुर्तिकर्ताहरुलाई यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपुर्वक दरभाउ पत्र सहित सुचिकृत हुनका लागि आवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ।

**आवश्यक सेवा तथा सामग्रीहरु**
१। संस्थाको अन्तिम लेखापरिक्षण (चाटर्ड एकाउन्टेनबाट) (दरभाउपत्र सहित)
२। खाना, खाजा, आवाश, तालिमहल लगायतहोटल सेवा।
३। फोटोकपी, स्टेशनरी तथा खेलकुदका सामग्रिहरु।
४। होर्डिङ्ग बोर्ड, फ्लेक्स प्रिन्ट, तथा बिभिन्न पेन्टिङ सम्बन्धि कार्य।
५। ब्रोसर, पोष्टर, बुलेटीन लगायत विभिन्न फाराम छपााई सम्बन्धि कार्य।
६। यातायात तथा ढुवानी सेवा।
७। कम्प्यूटर, प्रिन्टर, क्यामेरा, टेलिफोन लगायत ईलेक्ट्रोनिक तथा ईलेक्ट्रीकल सेवा तथा सामग्री।
८। बाइकतथा स्कुटर सर्भिसिङ र मर्मत सम्बन्धि सेवा।
९। विमा सम्वन्धि सेवा कर्मचारी दुर्घटना विमा, औषधि उपचार विमा र मोटरसाईकल तथा स्कुटरको विमा।
१०। कृषि सामाग्रि तथा औजारहरु।
११। उन्नतजातका घाँसको विउ तथा विरुवाहरु।
१२। उन्नतजातका बोका तथा बाख्राहरु।
१३। सुचाना प्रचार तथा प्रकासनका लागि रेडियो तथा पत्रपत्रिकाहरु।

**आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजपत्रहरु :**
१. फर्म दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपी
२. स्थायी लेखानम्बर (PAN) वा मुल्य अभिबृद्धि कर (VAT) मादर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
४. यातायात तथा ढुवानी सेवामा चालक अनुमतिपत्र र नवीकरण गरेको वीलबुकको प्रतिलिपि।

**अन्य जानकारीहरु :**
१. म्याद नाघी आएको आशयपत्र माथि कुनै कारवाही गरीने छैन।
२. सुचिकृत हुने निवेदन ईमेल मार्फत पनि पेस गर्न सकिने छ।
३. निवेदन छानवीन गरी स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ।
४. अन्य जानकारीका लागि देहायका टेलिफोन नम्बरहरुका सम्पर्क गरी जानकारी लिन सकिने छ।

**नोटः– रितपुर्वक सुचिकृत भएका आपुर्तिकर्ताहरुबाट आवश्यकताको आधारमा दरभाउपत्र मागिने छ।**

फोन नं : ०८६-४२००१९, ४२०२९६, ४२०३१८, ईमेल ठेगाना : mallarani.pyuthan@gmail.com

**संयोजक**
**खरिद समिति**

**कालिका मानवज्ञान माध्यमिक विद्यालय**
बुटवल–१०, रुपन्देही

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित २०८१/०४/०४

कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल-१०, रुपन्देहीको लागि १ थान स्कुल बस खरिद गर्नुपर्ने भएकोले यो बोलपत्र प्रकाशन भएको मितिबाट १५ दिनभित्र रजिष्टर्ड कम्पनी/फर्म/आपूर्तिकर्ताले आवश्यक कागजात सहित सम्पूर्ण विवरण खुलाई नियमानुसार शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ।

**आवश्यक विवरण**

| | | |
|---|---|---|
| 1 | Engine | 3500-4000cc |
| 2 | Braking Sytem | Auto Lock Braking(ABS) |
| 3 | Diesel Status | Common Rail Diesel Engine |
| 4 | Structure | Galvanized Tubular Structure |
| 5 | Roll Bar | Anti Roll Bar (Front & Rear) |
| 6 | Seat Capacity | 33 to38 |

**पेश गर्नुपर्ने कागजातहरु**
१. निवेदन
२. कम्पनी/फर्म दर्ता प्रमाणपत्रहरु
३. कर चुक्ताको प्रमाणपत्र
४. मूल्य सूची

**मोटरसाइकल हराएको सूचना**

मेरो निम्न व्यहोरा भएको मोटरसाइकल यही मिति २०८१।०३।१२ गते राति करिब ९.३० बजेको समयमा बुटवल-१३ नुवाकोट जानेबाटो भ्यू प्वाइन्टबाट पार्किङ्गमा रहेको अवस्थामा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला।

नामः प्रदीप वि.क.
ठेगानाः- सैनामैना-१, रुपन्देही
मोटरसाइकल न.ः- लु ९२ प ८१९८
इन्जिन नं.ः- BG7FN2X01478
च्यासिस नं.ः- MD626AG79N2F01170
मोडल ः- TVS NTORQ 125 Drum
मोबाइल नं.ः- ९८६७१४१५३६

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

२०८१ साउन ०४, गते शुक्रबार
Friday July 19, 2024
न.प.जि.प्र.का.द.नं.४/०४५/०४६ दैनिक लुम्बिनी

# नवीनमा इञ्जिनियरिङ दिवस



बुटवल । नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा ६२औँ इञ्जिनियरिङ दिवस बिहीबार विविध कार्यक्रम गरी मनाइएको छ ।

उक्त अवसरमा प्रमुख अतिथि सिँचाइ डिभिजन कार्यालय रूपन्देहीका सिनियर डिभिजनल इञ्जिनियर दामोदर सापकोटाले देशमा पूर्वाधार निर्माण तथा पूर्वाधार विकासको लागि इञ्जिनियरिङ पेशामा अवसर तथा चुनौती दुवै भएकोले इञ्जिनियरिङ पेशाप्रति जिम्मेवार, लगनशील र प्रतिबद्ध भएर कार्य सम्पन्न गर्नुपर्नेमा जोड दिँदै इञ्जिनियरिङ क्षेत्रमा सरकारले पर्याप्त लगानी गरेकोमा विद्यार्थीहरूलाई लगानीको सदुपयोग गर्न आग्रह गरे । ६२औँ इञ्जिनियरिङ दिवस २०८१ को अवसरमा कक्षा ९ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थीहरु बीच 'प्राविधिक शिक्षा आजको आवश्यकता' विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएकोमा कक्षा १२ कि वर्षा भुसाल प्रथम, कक्षा ११ का सुवास पौडेल द्वितीय र कक्षा ९ का सुलभ न्यौपाने तृतीय भएका थिए । २०८० को कक्षा ११ को वार्षिक परीक्षामा उच्च जीपीए ३.८ ल्याउने अभिषेक कार्कीलाई प्रमुख अतिथिले प्रोत्साहन स्वरूप ५००० नगद, चेक र द्वितीय हुने रञ्जना पाण्डे र तृतीय हुने विवेक पौडेललाई पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा कलाकार विद्यार्थीहरूले इञ्जिनियरिङसँग सम्बन्धित रोचक नृत्य प्रदर्शन गरेका थिए ।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा सिभिल इञ्जिनियरिङ कक्षा १० कि छात्रा लक्ष्मी पाण्डेको सञ्चालनमा सम्पन्न कार्यक्रममा सिभिल इञ्जिनियरिङ समूह इञ्चार्ज सपना भट्टराईले नतिजाको विश्लेषण गरेकी थिइन ।

सिभिल इञ्जिनियरिङ कक्षा ११/१२ का संयोजक इञ्जिनियर विमल अर्यालले इञ्जिनियरिङ दिवसको औचित्य सम्बन्धमा धारणा राखेका थिए । सिभिल इञ्जिनियरिङ कक्षा ९/१० का संयोजक इञ्जिनियर गणेश थापाले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा विद्यार्थीहरू अभिषेक कार्की, वर्षा भुसाल, सुवास पौडेल र सुलभ न्यौपानेले मन्तव्य व्यक्त गरेका थिए ।

विद्यालय नेपालमा कक्षा ९-१२ सिभिल इञ्जिनियरिङ अध्यापन हुने नेपालभरिका विद्यालयहरूमध्ये उत्कृष्ट मानिन्छ, जसअन्तर्गत पहिलो ब्याजका सिभिल इञ्जिनियरिङका विद्यार्थी प्रविन कोइरालाले आर्किटेक्चर इञ्जिनियरिङतर्फ २०८० मा सर्वोत्कृष्ट भएका थिए भने कक्षा १२ मा बोर्ड परीक्षामा सुस्मिता पुनले ३.८९ जीपीए ल्याई नेपालमै उत्कृष्ट भई पुलचोक इञ्जिनियरिङमा पूर्ण छात्रवृत्तिमा अध्ययनरत रहेकी छन् । दर्जनौं विद्यार्थीहरू पुल्चोक र पोखरा विश्वविद्यालयमा पूर्ण छात्रवृत्तिमा छनोट भइ अध्ययन गरिरहेका छन् ।

# दोस्रो स्थापना दिवस मनाइँयो



बुटवल । नेपाल लोकतान्त्रिक होटल व्यवसायी संघको दोस्रो स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कांग्रेसका होटल व्यवसायीहरूको संस्था नेपाल लोकतान्त्रिक होटल व्यवसायी संघले बुटवलमा एक कार्यक्रमको आयोजना गर्दै शुभकामना आदानप्रदान गरिएको हो ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस लुम्बिनी प्रदेश कार्यसमिति सदस्य विष्णु पोखरेलले संघको स्थापना दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै व्यवसायीहरू व्यवसायलाई चलायमान बनाउनतर्फ लाग्न आग्रह गरे ।

कार्यक्रममा बोल्दै होटल तथा रेस्टुरेण्ट व्यवसायी संघ रूपन्देहीका अध्यक्ष लेखनाथ भण्डारीले पछिल्लो समय होटल व्यवसाय चलायमान हुन नसक्दा सोचे अनुसारको प्रगती हुन नसकेको बताए ।

कार्यक्रममा बोल्दै नेपाल प्रेस युनियन रूपन्देहीका सभापति कविन्द्र नेपालले कांग्रेस पार्टीसँग आस्था राख्ने व्यवसायीहरूको संगठनले निर्णायक कामहरू गर्नुपर्ने बताउँदै स्थापना दिवसको शुभकामना दिए ।

कार्यक्रममा तरूण दल केन्द्रीय सदस्य दुर्गा सेन क्षेत्री, होटल तथा रेस्टुरेण्ट व्यवसायी संघ रूपन्देहीका उपाध्यक्ष प्रेम भट्टराई, नेविसंघ केन्द्रीय सदस्य सुन्दर अर्याल, कांग्रेस रूपन्देही ५ क प्रदेश सदस्य खिमराज पोख्रेल, ट्रेड युनियन कांग्रेस रूपन्देहीका सचिव केशवराज पाण्डे, संघका सल्लाहकार जीवन घिमिरे, संघ उपाध्यक्ष कृष्ण पाण्डे, सचिव रूपा भण्डारीलगायतले बोलेका थिए ।

# गुल्मीमा ७१ प्रतिशत रोपाइँ सम्पन्न



बुटवल । गुल्मीमा हालसम्म ७१ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नवराज भण्डारीका अनुसार यस वर्ष गुल्मीमा ७ हजार नौ सय ८८ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने अनुमान गरिएको हो । जस अनुसार पाँच हजार ६७१ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भइसकेको उनको भनाइ छ । मध्य असारबाट पानी परेकाले रोपाइँमा किसानलाई चिन्ता नपरेको कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ ।

जिल्लामा ८५ हजार ६७० हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन छ । जसमध्ये ३४ हजार ३९५ हेक्टर जमिन सिँचाइ योग्य रहेको कार्यालयले जनाएको छ । जिल्लामा हालसम्म करिब ११ हजार ७२० हेक्टर क्षेत्रफलमा सिँचाइको सुविधा पुगेको छ । खेती योग्य जमिन पछिल्लो समयमा बाँझिदै जानुमा युवाहरूको विदेश पलायन, गाउँमा वृद्धवृद्धाहरूमात्रै रहनु र बढ्दो बसाइँसराइको कारण रहेको भण्डारीले बताए ।

जिल्लामा उन्नत जातका खुमल-४, खुमल-६, खुमल-१०, मकवानपुर-१, रामधान, लोकतान्त्रिक, हिमाली धान लगाइन्छ । स्थानीय जातका हंसराज, मानोमुरी, हावा, मार्सी, लामी, जडन, जुवा, अनदी, काठे मार्सी जातको धान कृषकहरूले लगाउँदै आएका छन् ।

त्यस्तै हाइब्रिडअन्तर्गत यु.एस-३१२ र शङ्कर जातको धान लगाउँदै आएका छन । चैते धानअन्तर्गत चन्दीना र सि.एच-४५ जातको धान कृषकहरूले लगाउँदै आएको भण्डारीले जानकारी दिए ।

# गुल्मीमा राहदानीबाट रु ६ करोड भन्दाबढी राजस्व सङ्कलन

गुल्मी । जिल्ला प्रशासन कार्यालय गुल्मीले आर्थिक वर्ष २०८०/ ८१ मा राहदानीबाट मात्र रु ६ करोडभन्दा बढीको राजस्व सङ्कलन गरेको छ । प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले सबैभन्दा बढी राजस्व राहदानीबाट सङ्कल भएको जानकारी दिए । १२ हजार चार सय ५० राहदानी वितरण गर्दा सो आवमा २०८०/८१ मा ६ करोड ३३ लाख रुपैयाँ सङ्कल भएको हो । गत आवमा राहदानीबाट सात करोड भन्दा बढी रकम सङ्कलन भएको थियो ।

कार्यालयबाट आव २०८०/८१ मा पाँच हजार सात सय ३६ नागरिकताको प्रतिलिपि, ४८ गैरआवासीय नागरिकता र १२ हजार दुई सय ७३ राहदानी सिफारिस गरिएको छ । यसैगरी सात सय ६६ नाबालक परिचयपत्र, १६ हजार आठ सय ४४ राष्ट्रिय परिचयपत्र विवरण दर्ता र एक हजार नौ सय राष्ट्रिय परिचयपत्र वितरण गरिएको प्रजिअ शर्माले बताए ।

जिल्ला प्रशसनमा सोही आवमा २८ मुद्दा दर्ता भएकोमा २३ फछ्र्यौट भएका छन् । त्यसैगरी ७८ ठाडो उजुरी, एक हजार एक सय ४४ नाता प्रमाणित, २६ संस्था, एक सय ७९ संस्था नवीकरण, ७४ हातहतियार नवीकरण, चार सय ५३ दलित, चार सय ९२ जनजाति र ६६ आय विवरण प्रमाणित गरिएको छ ।

प्रशासनले नागरिक मैत्री सेवा प्रवाहका लागि कार्यालयमा राहदानी र नागरिकताको लागि विद्युतीय टोकन, ज्येष्ठ नागरिक विश्रामस्थल, बजार अनुगमन, विकास निर्माणमा सहजीकरण, विपद्मा तत्काल राहत वितरण, ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका सेवाग्राहीलाई पहिलो प्राथमिकता दिएको जनाएको छ ।

त्यसैगरी जिल्लाका १२ वटै स्थानीय तहमा गएर नागरिकलाई सेवा प्रवाहसम्बन्धी अभिमुखीकरण, लागू औषध नियन्त्रण, कारागार सुधारलगायतका काम गर्दै आएको प्रजिअ शर्माले जनाए ।

नागरिकलाई सेवा प्रवाह गर्ने काममा जिल्ला प्रशासन कार्यालयले खेलेको भूमिका सरहानीय रहेको जनाउँदै राजनीतिक दलका प्रतिनिधिले प्रमुख जिल्ला अधिकारीलाई धन्यवाद व्यक्त गरेका थिए । उनीहरुले आगामी दिनमा पनि सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानुपर्नेमा सुझाव दिएका थिए ।

# किशोरीको सर्पदंशबाट मृत्यु

तुलसीपुर । दाङमा फेरि सर्पदंशबाट एक जना १६ वर्षीया किशोरीको मृत्यु भएको छ । दाङ देउखुरीको राजपुर गाउँपालिका - १ कटबेरूवाकी १६ वर्षीया सुस्मिता रोकाको सर्पदंशका कारण बुधबार राति मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय दाङका अनुसार सुस्मितालाई आफ्नै घरभित्र बेलुकी ४ बजेतिर दाहिने हातमा सर्पले डसेको थियो । जतिखेर उनी आफ्नो सुत्ने कोठामा सुतिरहेकी थिइन ।

सुरुमा उनलाई उपचारका लागि गढवास्थित स्वास्थ्य उपशाखाको सर्पदंश केन्द्रमा उपचारका लागि लगिएको थियो ।

गढवाको सर्पदंश उपचारका केन्द्रमा सामान्ने उपचारपछि उनलाई थप उपचारका लागि घोराहीका लागि रिफर गरिएको थियो ।

राति ९ बजेतिर घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रष्ठिानमा पुऱ्याउनासाथ सुस्मितालाई चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय दाङले जानकारी दिएको छ ।

**Lumbini Banijya Campus**
Affiliated to Tribhuvan University
(Reaccredited by UGC, Nepal - 2018)
BEST COMMUNITY CAMPUS - 2080 AWARDED BY GOVERNMENT OF NEPAL

**ANNOUNCES**

Lumbini Banijya Campus Management Admission Test (LBCMAT) for the admission to: Bachelor of Business Administration in Finance and Accounting ***(BBA-FA)***, Bachelor of Business Management-Applied ***(BBM-A)***, Bachelor of Management Studies ***(BMS)***, and Bachelor of Business Studies ***(BBS)*** programs for the admission year 2081 B.S. (2024)

**ELIGIBILITY**

Minimum D grade in each subject with CGPA 1.8 or more in grade 11 and 12
**Or**
Minimum D+ grade in each subject of grade 11 and 12 with CGPA 1.8 or more who passed in 2078 or before 2078
**Or**
Minimum score of second division marks in 10+2, PCL or Equivalent in any discipline (for BBA-FA/BBM-A)
Students who have passed 10+2 or Equivalent in any discipline (for BMS/BBS)
**Or**
Students who are waiting for the grade 11 and grade 12 results may also apply. However, they have to submit passed certificates of grade 11 and 12 at the time of admission.
*** Examination Schedule to be notified. *Visit www.lbc.edu.np for online application.**

**Contact for Details:**
LUMBINI BANIJYA CAMPUS
Devinagar, Butwal-11, Rupandehi, Nepal
BBA-FA: 9857036325, BBM-A/BMS: 9857037424, BBS: 9841044280
Also: 9857040056, Tel :071-410500, 410245
Email: info@lbc.edu.np URL: www.lbc.edu.np

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र



"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com